मिति २०८० साल असार १३ गते साँझ ४:३० बजेको समयमा ललितपुर जिल्ला अदालतमा घटन गएको विवादलाई समाधान गर्ने प्रयोजनार्थ ललितपुर जिल्ला अदालतबाट गठन भएको बार्ता समिति तथा ललितपुर बार एशोसिएशनका तर्फबाट गठन भएको बार्ता समितिका सदस्यहरु, नेपाल वार एशोसिएशनका प्रतिनिधि तथा घटनासँग सम्बन्धित दुवै पक्षको उपस्थितिमा छलफल भई देहाय वमोजिमको विषयहरुमा सहमति भयो।

१. मिति २०८०।०३।१३ मा ललितपुर जिल्ला अदालतमा सेवा लिनेदिने क्रममा इमान्दारी पूर्वक कर्तव्य पालना गर्दागर्दै हुन गएको घटनाको वारेमा विभिन्न कार्यक्रम र विज्ञप्तिहरु मार्फत विषयान्तर भएको महसुश गरेका छौं।
२. उक्त घट्नासँग सम्बन्धित दुवै पक्ष सो घटनालाई लिएर अब उप्रान्त द्वेष भाव नराखी विवादलाई अन्त्य गरी आ-आफ्नो क्षेत्रमा काम गर्ने ।
३. ललितपुर जिल्ला अदालतमा सि.सि.टि.भि.ले काम नगरेको भनी यस अघि मर्मतका लागि सम्मानित सर्वोच्च अदालतमा पत्राचार भएकोमा हालसम्म मर्मत नभएकाले अविलम्व मर्मत गरी सञ्चालन योग्य वनाउन अनुरोध गर्दछौं।
४. उक्त घटनाको विषयलाई लिएर नेपाल वार एशोसिएशन तथा निजामती कर्मचारीवाट घोषित विरोधका कार्यक्रमहरुलाई आजैबाट स्थगित गरी सेवालाई सुचारु गर्ने।
५. यस घट्ना र परिस्थितिवाट न्यायका सेवाग्राहीहरुमा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दछौं।
६. ललितपुर जिल्ला अदालत र ललितपुर वार एशोसिएशनबीचको सम्बन्धलाई सदाझैं सुमधुर कायम राखी निरन्तरता दिने।
७. यस विषयलाई लिएर सार्वजनिक रुपमा सामाजिक सञ्जाल लगायतका माध्यमबाट बिषयान्तर हुने गरी टीकाटिप्पणी नगर्न सबै पक्षलाई अनुरोध गर्दछौं।

अधिवक्ता श्री अमिर लामिछाने — ना.सु. श्री प्रेमिका तामाङ्ग

**रोहवर**

नेपाल बार एशोसिएशनको केन्द्रीय सदस्य श्री रुप बहादुर सारु

| ललितपुर बार एशोसिएशनको तर्फबाट | ललितपुर जिल्ला अदालतको तर्फबाट |
| --- | --- |
| १. अध्यक्ष अधिवक्ता श्री राम श्रेष्ठ | १. शाखा अधिकृत श्री राम सजिवन महत्तो |
| २. उपाध्यक्ष अधिवक्ता श्री बाबुकृष्ण महर्जन | २. शाखा अधिकृत श्री अमृत घिमिरे |
| ३. सचिव अधिवक्ता श्री छोनाम मोक्तान | ३. शाखा अधिकृत श्री तर्कराज खनाल |
| | ४.शाखा अधिकृत श्री कुल बहादुर भण्डारी |
| | ५.शाखा अधिकृत श्री विजिता ढकाल |
| | ६. शाखा अधिकृत श्री बविता बस्नेत |

इति सम्वत् २०८० साल असार २१ गते रोज ५ शुभम..........................................